लेखापरीक्षण प्रतिवेदन

चापकोट नगरपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

चापकोट नगरपालिका, स्याङ्जा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/365

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
चापाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
स्याङ्जा ।

कैफियत सहितको राय

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू १६ करोड ३ लाख ३२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू २८ लाख २० हजार र अन्य रु. ४७ हजार समेत गरी रू १६ करोड ३१ लाख ९९ हजार समावेश गरेको छैन।

२. नगरपालिकाकोरु. १ अर्ब ५२ करोड ४२ लाख ९८ हजारको लेखापरीक्षण गरिएकोमा रू.३ करोड ४२लाख ९२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु ३१ लाख ५० हजारको प्रतिक्रिया उपर कारबाही भइ कायम भएको बाँकी बेरुजु रु.३करोड ११ लाख ४२ हजार मध्ये असुल गर्नुपर्ने रू. ४७ लाख १९ हजार , प्रमाण कागजात पेस गर्नुपर्ने रू १ करोड ४६ लाख २६ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २९लाख ६२ हजार र पेश्की रु. १९ लाख ८५ हजार रहेको छ । गत वर्षसम्म रु.१४ करोड २८ लाख ९१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १७ करोड २९ लाख ३६ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाले वित्तीयविवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्तितथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने चापाकोट नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
५४	१०६	३,४२,९१,८२०	०	७	३१,५०,०००	०	५४	९९	३,११,४१,८२०	१५,६८,७४८	१,२९,६१,९१३	१,४६,२६,१५९	०	०	२,७५,८८,०७२	१९,८५,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
स्याङजा	१४,२८,९१,०००		१०,९७,२६५	१४,१७,९३,७३५		३,११,४१,८२०	१७,२९,३५,५५५

बेरुजु सम्परीक्षणको विवरण

क.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८	६६	संझौता विपरितको खर्च	४,४३,४६५
२	२०७७/७८	६०.२	आन्तरिक लेखापरीक्षण	६,५३,८००
३	२०८०/८१	३३	पेश्की	३१,५०,०००
जम्मा				४२,४७,२६५

(८०४४३४०२३०० - चापकोट नगरपालिका, स्याङ्जा)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडारहेको छ भने क्षेत्रफल १२१ वर्ग किलोमिटर तथा २२९६९ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।१२ देखि २०८१ ।५।१७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १६,०३,३२,२८८।२३ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु. २८,२०,००० र अन्य रु. ४६,७०० समेत गरी रु १६,३१,९८,९८८।२३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ४,६५,२५,०७३।७१ मौज्दात रहेकोमा यो वर्ष रु. ४,५९,२६,४७१।७१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५,९८,६०२ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. .

प्रमाण पेश नगरेको	५,९८,६०२

५ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	**स्रेस्ताअनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
स्थानीय तह सञ्चित कोष खाता	२८६१३५४०।५७	३२०६९५८१।३२	३४५६०४०।७५
चालु खर्च खाता	-	-	-
पुँजीगत खर्च खाता	-	-	-
विविध खर्च खाता	७८६०२८७	११२६९६२३।९८	३४०९३३६।९८
विपद व्यवस्थापन खाता	०	५४८७४४	५४८७४४
स्थानीय विभाज्य कोष	०	६३१६९६।७७	६३१६९६।७७
कर्मचारी कल्याण कोष खाता	-	-	-
धरौटी	५३१४५५१।४०	५६२४०८१।५५	३०९५३।१५
ग१.१, आन्तरिक राजस्व खाता	-	-	-
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	-	-	-
बैङ्क	४१७८८३७८।९७	५०१४३७२७।६२	८३५५३४८।६५
जम्मा			८३५५३४८।६५

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- · पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- · पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- · निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा आशिंक रुपमा गरेको पाईयो ।
- · ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- · पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- · सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- · भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१८ लाख १७ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- · सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ मा घर जग्गा भाडामा लिने सम्बन्धी व्यवस्था छ।काठमाडौं उपत्यका बाहिर वार्षिक पाँच लाख रुपैयाँ सम्मको घरजग्गा भाडा तिर्ने गरी घरजग्गा भाडामा लिनु परेमा (९४) १ बमोजिमको भाडा निर्धारण समितिले निर्धारण गरेबमोजिमको प्रक्रिया पूरा गरेर मात्र घर भाडामा लिनुपर्दछ।तर पालिकाले सो बमोजिमको प्रकृया पूरा नगरी वर्षभरीमा पदाधिकारी र अन्य कर्मचारीहरुको लागि भाडा वापत रु १०००००० खर्च लेखेको छ।आगामी दिनमा यस्ता खर्च गर्दा मितव्ययिता अपनाउनु पर्ने देखिन्छ।
- · पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- · पालिका भित्रका विद्यालयहरुको अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- · संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।
- · संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेकोछैन।
- · पालिका वडाहरुको वडा अध्यक्षलाई प्रदान गरेको जिम्मेवारी कार्यवाहकलाई दिएकोमा नियम सम्मत देखिएन।
- · पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन।
- · अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो अनुसारको मध्यकालीन खर्च संरचना तयार नगरेको ।
- · विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता भ्रमण भत्ता तालिम गोष्ठी तर्फ वढी केन्द्रित भई वितरण मुखी रहेको पाईयो ।
- · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयहरु र विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

- · वातावरण संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको।
- · संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।
- · सवारी साधनको मर्मत अभिलेख राख्नुपर्नेमा अभिलेख अद्यावधिक रुपमा राखेको देखिएन।
- · सवारी साधनको इन्धन प्रयोगको सवारी लगबुक राख्नुपर्नेमा लुज सिटमा राखेको देखियो।
- · पालिका वडाहरुको वडा अध्यक्षलाई प्रदान गरेको जिम्मेवारी कार्यवाहकलाई दिएकोमा नियम सम्मत द
- · पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन।
- · अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो अनुसारको मध्यकालीन खर्च संरचना तयार नगरेको ।
- · विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता भ्रमण भत्ता तालिम गोष्ठी तर्फ वढी केन्द्रित भई वितरण मुखी रहेको पाईयो ।
- · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालयहरु र विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो
- · वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको।

अतः आन्तरीक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्यसंचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ।

अतः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

७ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

८ लक्ष्य प्रगति

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाइ जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	३८९	१३	१	२	१०

९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१० कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, २४ वटा नियमावली तथा कार्यविधि र ३ वटा आचारसंहिता लगायत ३८ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।साथै पालिकाले १ वटा कानूनह निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

११ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १३ र यो वर्ष थप भएको २७ गरी कुल ४० विवाद दर्ता भएकोमा १९ वटा मात्र फर्स्यौट भई २१ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१२ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा साल वसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

१४ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारिण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१५ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने

व्यवस्था छ। यस पालिकाले यो वर्ष रु. ५९,००,००० अबण्डा बजेट व्यवस्था गरी ३ कार्यक्रममा रु. ५९,००,००० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र सं	कार्यक्रमको नाम	बजेट / खर्च
१	विपद व्यवस्थापन तथा भैपरी खर्च	२९००००००
२	सामाजिक बिकास कार्यक्रम	५००००००
३	पुर्वाधार बिकास कार्यक्रम	२५००००००

१६ **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तरिक आय र राजस्व बाँडफाड रु ८,९३,७९,२४२।३५ अनुदानबाट रु ४७,४४,३९,३८३ समेत रु५६,३८,१८,६२५।३५ आम्दानी भएकोमा चालु तर्फ रु ४०,००,०६,३८१।१५ र पूँजिगत तर्फ रु २०,०८,०५,५६९।३० समेत रु ६,००,८११,९५१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४।३६प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु १,२८,९२,५००खर्च भएको छ जुनआन्तरिक आयको ६२।२८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०।९७ प्रतिशत चालु र ३५।६२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१७ **चौमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	२००८०५५६९।३०	१८८३४४२४	३६७९०९७५	१४५१८०१७०		९३१२१२१८
प्रतिशत	१००	८।२३	१६।०८	६३।४५		४०।७०

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु २०,०८,०५,५६९।३० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १,८८,३४,४२४(८।२३प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३,६७,९०,९७५ (१६।०८ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. १४,५१,८०,१७० (६३।४५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.. ९,३१,२१,२१८(४०।७०प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१८ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	११४८६००००	१०२४८०३७१	८९।२३
२	पूर्वाधार विकास	७१८००९६३	६२५४०३९७	८७।०१
३	सामाजिक विकास	३४१८०१०००	३२०७०२२८७	९३।८३
४	बातावरण तथा विकास	८४२५०००	७६२०९८९	९०।४६
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१२५००००	१२१६०९४	९७।२८
६	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१३३०१०३३७	१०६२४१८१२	७९।८७
जम्मा		**६७११४७३००**	**६००८११९५०**	८९।५२

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासन.मा सबैभन्दा बढी ९७।२८ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक मा सबै भन्दा घटीमा ७९।८७ प्रतिशत रहेको छ ।

१९ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २,०८,०५,५६९।३० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२० योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार २३० वडाको लागि वडागत र पालिकास्तरका कुल १५९ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाख देखि ७ लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	१५९	१	१२	१४६
२.	वडास्तरीय	२३०	१	१०	२१९

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३७४ योजनामात्र कार्यान्वियन भई १५ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

२१ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित

गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०८०।३।१५ मा रु. ६७ करोड १७ लाखको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

२२ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र३२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२३ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२४ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा नेपाल सरकार र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ

सम्पत्ति	प्राप्त मिति	संख्या	खरिद/प्राप्ति मूल्य	कैफियत
घर जग्गा क्षेत्रफल र संख्या सहित	-	७	-	विवरण पेश नभएको
सवारी साधन (रु.१ लाखभन्दा बढी)	२०७५।७६ देखि २०८०।८१ सम्म	२८	१० वटा साधनको रु २७०६४८४०	अन्यको को विवरण पेश नभएको
उपकरण (रु.१ लाखभन्दा बढी)	२०७५।७६ देखि २०८०।८१ सम्म	६	३ वटाको रु १८२२७०००	अन्यको को विवरण पेश नभएको
बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन	-	-	-	-
अतिक्रमणमा परेको जग्गा	-	-	-	-
अतिक्रमण हटाउन गरेको प्रयास	-	-	-	-

२५ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ

२६ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

२७ **सहायक जिन्सी खाता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ परिच्छेद १० को नियम ९४ मा सरकारी सम्पतिको जिम्मा लगत र संरक्षणको व्यवस्था छ।हरिकल्प ईन्टरप्रईजेज अर्जुनचौपारी स्याङजाबाट ल्यापटप म्याक बुक १ थान रु १९५७०३ आईफोन १५ मोवाईल १ थान रु २३३५०० मा खरिद गरी मूल्य अभिवृद्धि कर सहित रु ४८५०००। २०८१।०२।११ मा भुक्तानी भएकोमा जिन्सी खातामा मात्र प्रविष्ट गरेको र सहायक जिन्सी खाता नराखेकोले सहायक जिन्सी खाता राख्नुपर्दछ।

२८ **सवारी ईन्धन**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ ।पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन पदाधिकारी) रु.११६७५६० र इन्धन कार्यालय प्रयोजन रु.१३९३११८ खर्च गरेको छ। इन्धन खर्चलाई मितव्ययी बनाउनुपर्नेमा पालिकाले ईन्धन बापतको रकम भुक्तानी गर्दा अन्य निकायका विभिन्न व्यक्ति संस्था तथा पदाधिकारीहरुलाई कारण समेत नखुलाई ईन्धन भुक्तानी गरेको देखियो ।सवारी साधन अनुसार इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। अतः इन्धन खर्चको मापदण्ड बनाई कोटा निर्धारिण गरी लगवुक राखेर कुपन प्रणाली मार्फत खर्च लेखी मितव्ययिता अपनाउनु पर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

२९ **अन्य कार्यालय खर्च** (४८१/२०८१-२-२५):

मल्याङकोट प्रहरी चौकी चापाकोटलाई फोटोकपी मेशिन एक थान खरिद गरी उपलब्ध गराएकोमा हस्तान्तरण फाराम सम्वन्धित चौकीले जिन्सी दाखिला गरेको प्रमाण पेश नभएको रु

प्रमाण पेश नगरेको	४०,०००

३० **वितरणमुखी खर्च तथा कार्यक्रमः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ।पालिकाले संघीय सरकारवाट सीमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा उक्त श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी योजनाहरु संचालन गरेको देखियो।यस्ता वितरणमुखी योजनाहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने देखिदैन । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गरी वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।यस प्रकारको योजनाहरुमा खरिद गरी वितरण गरेका विभिन्न जिन्सी सामानहरु सम्बन्धित संस्थाको जिन्सीमा आम्दानी बाँधेको समेत देखिंदैन । यसरी संस्थाको जिन्सीमा आम्दानी नभएका सामानहरु संरक्षित हुन पनि सक्दैनन् ।नमुना परीक्षण गरी हेर्दा देखिएका केही उदाहरणका कार्यक्रमहरु देहाय बमोजिम छन्

(विस्तृत विवरण बेरूजु दफा ३० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३१ **अतिरिक्त भत्ता**

अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१. मा वैठक भत्ता भुक्तानी दिंदा तोकिएको छ वटा मापदण्ड पालना नगरी अतिरिक्त भत्ता दिन नमिल्ने व्यवस्था रहेको छ । पालिकाले स्थानीय तहको चापाकोट अस्पतालमा कार्यरत ३१ जना विभिन्न तहका कर्मचारीहरु लाई तलब शीर्षकबाट अतिरिक्त सेवा गरेको भनी भत्ता भुक्तानी भएकोमा काम गरेको प्रमाण तथा इलोक्ट्रोनिक हाजीर सहितको विवरण राखेको पाइएन।सम्पुर्ण कर्मचारीको इलोक्ट्रोनिक हाजिर प्रमाणित गरेर मात्र यस प्रकारका अतिरिक्त खर्च लेख्नु पर्दछ। उक्त मापदण्ड पालना नहुने गरी अतिरिक्त भत्ता वितरण गरेको देखिएकोले अतिरिक्त भत्ता वितरण इलेक्ट्रिक हाजिर प्रमाणित गरेर मात्र लेख्नु पर्नेमा सो गरेको पाइएन।अतः नियम विपरित लेखेको खर्च अनियमित देखिएको रु

अनियमित भएको	२०,००,७६८

३२ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु. १९,८५,००० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. १९,८५,००० फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु

(विस्तृत विवरण बेरूजु दफा ३२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

पेश्की	१९,८५,०००

३३ **पेश्की**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२३** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२३** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२३** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२३** को निर्णयले रू **१,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२३** को निर्णयले रू **१,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२३** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२३** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा ३३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	०

३४ **प्रमाण कागजात वेगरको भुक्तानी**

भ्रमण खर्च नियमावली २०६४ को नियम १८ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदनका साथ आवश्यक विल भर्पाई सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ।पालिकालेगो. भौ. नं. ११८।२०८०।०८।२९ बाट नगर प्रमुखको तोक आदेश भनी भ्रमण आदेश भ्रमण विल र भ्रमण प्रतिवेदन वेगर प्रविण पौड्याल लाई अनुगमन मूल्याँङ्कन भनी रु १७३०५० भुक्तानी लेखेकोमा अनुगमनमा गएको खुल्ने गरी भ्रमण आदेश, भ्रमण विल र भ्रमण प्रतिवेदन सहितको प्रमाणहरु संलग्न नदेखिएकोले उक्त अनुगमनमा गएको प्रयोजन खुल्ने गरी भ्रमण आदेश भ्रमण विल र भ्रमण प्रतिवेदन सहितको प्रमाणहरु पेश गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	१,७३,०५०

३५ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. २२,३१,३८१ आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २,०७,०२,५११।७८ को १०.७८ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३६ **खेलकुद कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली,२०७७ को दफा ३९(५) मा खर्चका विल भरपाइ राख्नु पर्ने व्यवस्था छ । खेलकुद कार्यक्रममा गरिएको खर्चको लागत अनुमान तयार गरी कुन कार्यक्रमा कति खर्च लाग्छ लागत अनुमान स्वीकृत गरेर मात्र खर्च लेख्नु पर्नेमा नगरपालिकाको भौ. नं. ६८९ मिति २०८१।३।१९ गते गरेको खर्चमा कुनै प्रयोजन खुलाइएको छैन । प्रयोजन नखुलेको स्पष्ट जानकारी पालिकाले गरेको हुनाले खेलकुद कार्यक्रम भएको आधार तथा प्रमाण संलग्न नभएकोले असूल हुनु पर्ने देखिएको रु

असुल गर्नुपर्ने	२,६३,१४८

३७ **भ्रमण खर्च**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।त्यसैगरी सार्वजनिक खर्चमा मितव्यिता कायम गर्ने सम्वन्धी मापदण्ड २०७७ मा सार्वजनिक स्रोत परिचालनमा थप दबाब सिर्जना हुने गरी आर्थिक दायित्व सिर्जना भएको खर्चमा मितव्यिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था उल्लेख छ।सरकारी कोषबाट रकम खर्च गर्दा मितव्ययिता अपनाउनु पर्नेमा पालिकाका विभिन्न ९ कर्मचारी मिति २०८१।०१।०३ देखि ०१।०६ सम्म विभिन्न जिल्लामा र कार्यपालिका सदस्यहरु १६ जना २०८०।१२।०९ देखि १२।१५ सम्म पशुपतिनगर देखि दार्जिलिङ सिक्किम सम्म अवलोकन भ्रमण भनी स्पष्ट उद्देश्य र लाभ नरहेको कार्यक्रम तर्जुमा गरी गरेको भ्रमण कार्यक्रममा सहभागिहरुको हाजिरी, भ्रमणबाट प्राप्त सिकाई तथा उपलब्धिलाई अभिलेखिकरण गरेको देखिएन।यस्ता प्रकारका उपलब्धि विहीन भ्रमण कार्यक्रममा खर्च गरेको रकम नियमसंगत नदेखिएको रु

अनियमित भएको	७,८०,०००

३८ **बैठक भत्ता** (४६४/२०८१-३-१७):

अर्थ मन्त्रालयको खर्चको मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधि ७.१.१ माबैठक भत्ता प्रदान गर्ने आधार अनुसार बैठकको विषयवस्तु र सोको गाम्भिर्यता एकिन गरी एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारीहरु उपस्थित बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ। पालिकाले खरिद समितिका पदाधिकारीहरुको बैठक भत्ता भुक्तानी गरेकोमा उक्त बैठकमा एउटै निकाय तथा मातहतका पदाधिकारी मात्र संलग्न भएको बैठकको बैठक भत्ता भुक्तानी गरेको देखियो ।यसरी मापदण्ड विपरित लेखेको खर्च अनियमित देखिएको रु

अनियमित भएको	२,३७,०००

३९ **आन्तरिक आय दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसमान भए सात दिनभित्र यथा स्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने छ भन्ने व्यवस्था छ।पालिकाको रोलर डोजर निम्नले प्रयोग गरेको वापत रकम दाखिला हुन आएको नदेखिएकाले असूल गरी दाखिला गर्नुपर्ने देखिएको रु

सडक खण्ड	मिति र विवरण	रकम
कान्ति दास सिंह सडक खण्ड वि जी कन्स्ट्रक्सन जे सि वि	२०८०।११।१४मा २६२घण्टा५०० का दरले	३९३०००
कान्ति दास सिंह सडक खण्ड वि जी कन्स्ट्रक्सन रोलर	४ दिन १५००० का दरले	६००००
कुमलदि सडक खण्ड विमला राना मगर	२०८१।०२।२२ देखि १३६ घण्टा १५०० का दरले	२०६१००
रामपुर मायरा कन्स्ट्रक्सन प्रा. लि.क्याट एक्स्प भेटर	४५ घण्टा २७०० का दरले	१२१५००
जम्मा		७५०६००

असुल गर्नुपर्ने	७,८०,६००

४० **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।

४१ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २,८८,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८०।८१ मा रु..२,०७,०२,५११।७८ अर्थात अनुमान भन्दा ७१।८८ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४२ **नगदी रसिद**

फोहरमैला व्यवस्थापनका लागि नगर प्रहरी शोभित थापाले रसिद नं १४०० सम्मको २८ ठेली बुझेको रसिद नियन्त्रण खाताबाट देखिन्छ।उक्त नगदी रसिद फिर्ता गरेको र प्रयोग भएको रसिदबाट उठेको आन्तरिक आम्दानी दाखिला नभएकोले के कति रकम

आम्दानी भएको हो यकीन गर्न सकिएन । सो सम्बन्धमा छानविन गरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ १ र २ अनुसार दश प्रतिशतको दरले दाखिला गर्नुपर्दछ। ।

४३ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२५०००००	२२९३३५८६	९१।७४
घरजग्गा वहाल कर	१००००००	२०६०५१७।२६	२०६।०५
व्यवसाय कर	५०००००	८८४१०५	१७६।८२
वहाल विरौटी शुल्क	-	-	-

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४४ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४७४४३९३८३।०३	२०७०२५११।७८	४।३६

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४।३६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४५ **आन्तरिक आय स्रोत**

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८र ५९ ले कर शुल्क उठाउन सक्ने व्यवस्था गरेको छ। आन्तरिक स्रोतका सम्बन्धमा पालिकाले अध्ययन गरेको देखिएन अतः पालिकाले आन्तरिक स्रोतको आँकलन वस्तुनिष्ठ ढंगले गर्नुपर्दछ।२०८०।०३।०४ को राजश्व परामर्श समितिको वैठक आन्तरिक स्रोत गत वर्षको रु २६२४४००० समेत रु ५५०४४००० लक्ष्य प्रक्षेपण गरेकोमा रु १९२५८२२९ भएको तुलनामा ३५७८५२७१ कम भएको छ। यान्त्रिक उपकरणबाट प्राप्त आम्दानी १ करोड गर्ने लक्ष्य रहेकोमा ३१ लाख ३२ हजार सम्पति कर २५ लाख मा २१ लाख ५४ हजार संकलन भएको दहत्तर बहत्तर शुल्क ३० लाख रहेकोमा संकलन भएको देखिएन ।

४६ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ८,८४,१०५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४७ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिका खरिद नियमावली २०६४ को नियम ११७ (१) सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य आपूर्ति गरिएको मालसमान वा प्रदान गरेको सेवा कार्यसम्पन्न गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्दछ।पालिकाले जे सि वि एक्साभेटर रोलर संचालनका लागि रु ६९८०५६५ को ईन्धन खर्च भएको देखिन्छ।के कुन कार्यमा ती हेभी ईक्युपमेन्ट प्रयोग भए के कति कार्य सम्पन्न भयो भन्ने मूल्यांकन सहितको प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको नदेखिएको रु

अनियमित भएको	६९,८०,५६५

४८ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४९ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ (१५) तलब महंगी भत्ता र स्थानीय भत्ता सरुवा भ्रमण खर्च घर भाडा पोशाक खाद्ययान्न औषधि उपचार विरामी र बन्दीको सिधा सेवा निवृत सुवधा तथा स्वीकृत वार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमका रकम भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक बर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन सक्ने व्यवस्था छ । गाँउपालिकाले गत वर्षको भुक्तानी यस वर्ष दायित्व सारेर भुक्तानी गरेको छ । गाँउ सभाले निर्णय गरी रु. ७९,००,००० भुक्तानी गरेकोले चालु प्रकृतिको खर्च सोही आर्थिक वर्षमा खर्च गरि दायित्व सार्नु उचित देखिएन सम्बन्धित बर्षमा भुक्तानी हुने गरी बजेट व्यवस्थापन गर्ने र समयमा कार्य सम्पन्न गर्नु पर्दछ ।

५० **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५१ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

५२ **पुजीगत खर्चबाट चालु प्रकृतिको खर्च**

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा पूँजीगत रकमवाट चालु प्रकृतिका खर्च तलव, भत्ता, बैठक भत्ता, सवारी साधन मर्मत सम्भार र ईन्धन खर्च, कुनै किसिमको चन्दापुरस्कार दिन नपाइने व्यवस्था छ । पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमामात्र खर्च गर्नुपर्नेमा परिषदले नियम विपरित चालु प्रकृतिका कार्यमा रु. ४२ लाख ३९ हजार ५ सय वजेट

विनियोजन गरी खर्च लेखेको नियम सम्मत देखिन आएन । तसर्थ तोकिए वमोजिम पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमा मात्र खर्च गर्न कार्यालयको ध्यान जानुपर्दछ।

क्र सं	भौचर नं र मिति	काम	रकम
१	१३८ २०८०।९।२६	विपद व्यवस्थापन तथा भैपरी खर्च	२९७७१९
२	१३८ २०८०।९।२८	विपद व्यवस्थापन तथा भैपरी खर्च	१०००००
३	१५० २०८०।१०।९	विपद व्यवस्थापन तथा भैपरी खर्च	५०००००
४	१५५।२०८०।१०।२०	विपद व्यवस्थापन तथा भैपरी खर्च	२०००००
५	१६०।२०८०।१०।२४	विपद व्यवस्थापन तथा भैपरी खर्च	९७७२०
६	१६२।२०८०।१०।२४	विपद व्यवस्थापन भैपरी खर्च	३४३७७
७	१६४।२०८०।१०।२४	विपद व्यवस्थापन भैपरी खर्च	१०००००
८	१७४।२०८०।१०।२५	विपद व्यवस्थापन भैपरी खर्च	२९८१०७
९	११९।२०८०।१०।२६	विपद व्यवस्थापन भैपरी खर्च	१८००००
१०	२४९।२०८०।११।१०	विपद व्यवस्थापन भैपरी खर्च	१९९००
११	५५७।२०८१।३।१७	व्यवस्थापन भैपरी खर्च	५००००
जम्मा			**१२४७८२६**

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ

५३ **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ९ मा खुल्ला रुपमा बोलपत्र आव्हान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले कबोलपत्रको सुचना प्रकाशित गरी स्वीकृति भएको ठेक्कामा बोलपत्रदाताले लागत अनुमानको तुलनामा ४६ प्रतिशत सम्म घटीमा काम गर्ने गरी ठेक्का कबुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्का विवरणबाट देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटीमा काम गर्ने गरी गराएको कार्यमा सामग्रीको निर्धारित गुणस्तर र परिणाम कार्य भएको सम्बन्धमा यकिन हुने देखिएन । पालिकामा उपभोक्ता समिति दरभाउ तथा बोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन निरिक्षण र गुणस्तर निर्धारण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ । यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिणाममा भएको यकिन गर्न सक्ने देखिएन यस्तो व्यवहारमा सुधार गर्ने गरी ठेक्का व्यवस्थापन गर्नु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ५३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा १६ योजना सञ्चालन गरी यस वर्ष ८६ जनालाई औसत ८७।२ दिनले ७२४।५ दिन रोजगारी उपलव्ध गराई रु. ४७,०१,५२० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५५ **स्वामित्व वेगरको खर्च**

ल्याण्ड फिल्ड साइट पालिकाले फोहर मैला व्यवस्थापन गर्न भनि ठेक्का नम्बर ११।NCB/CM/WORKS/208081 लगत अनुमान २४९९९९९७ रहेकोमा ठेक्का स्वीकृत रकम २३३७०३२४ घटी स्वीकृत प्रतिशत ६.५२ प्रतिशत घटीमा ठेक्का परेको देखियो यसै पालिकाको ९ नम्बर वडा निवासी संजय श्रेष्ठ सगँ कित्ता नं ३६५ क्षेत्रफलमा ०.११.०.३ भएको जग्गा मन्जुरी नाम लिएको पाइयो । ल्याण्ड फिल्ड साइट निर्माण दिर्घकालीन रुपमा संचालन हुने स्गथानको ठेक्रका गरी ठेक्का गरी रु. २,३३,७०,३२४ खर्च गरेको छ। स्थायी प्रकतिको फोहर मैला व्यवस्थापन गर्ने प्रयोजनको लागि गरिको ल्याण्ड फिल्ड साईड खर्च नगरपलिकाको स्वामित्वमा लिए पछि मात्र गर्नु पर्नेमा सो गरेको पाइएन। विना सम्वामित्वमा गरिएको छ नियम सम्मत मान्न सकिएन जग्गाको पुर्जा स्वमित्व जग्गा प्राप्ती ऐन,२०३४ अनुसार प्राप्त गरेपछि मात्र नगरपालिको नाममा ल्याउने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ भौ.नं ४२ मिति २०८१।३।१९ पालिकाको स्वामित्वमा ल्याउनु पर्दछ ।

५६ **नमुना विद्यालय**

स्थानीय तहले विद्यालयको भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि अनुदान उपलव्ध गराउने व्यवस्था विद्यालय क्षेत्र कार्यान्वियन पुस्तिका २०८०।८१ को कृयाकलाप नं.११.१.२.४४५ मा उल्लेख छ । उक्त अनुदान रकम विद्यालयलाइ उपलव्ध गराउदा सम्पन्न हुने कार्यक्रमको लागत अनुमान तथा विद्यालयको ड्र्इङ्ग डिजाइनिङ्ग सहितको गुरु योजना निर्माण सहित अनुदान माग गर्न लागाइ उपलव्ध गराउने विद्यालयको भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रहि निर्माण कार्य संचालन गर्ने उक्त बजेट विद्यालय र स्थानीय तह विच सम्झौता गरी कार्यप्रगतिको आधारमा उपलव्ध गराउने व्यवस्था रहेको छ । पालिकाले भौ नं ३६१।२०८१।३।२० मा गंगालाल माध्यामिक विद्यालय नमुना विद्यालय गुरुयोजना अनुरुप क्षैक्षिक सुधारको भवन निर्माण कार्यका लागि हाल सम्म रु. ३०००००० निकासा उपलव्ध गराएकोमा विद्यालयले नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत शैक्षिक व्यवस्थापकिय एवं प्रशासनिक कार्य सम्पादन अनुदान कार्यान्वियन कार्ययोजना २०८०।८१ तयार पारी स्थानीय तहमा पेश गरेकोमा आफैले पेश गरेको कार्ययोजना अनुसार कार्ययोजना कार्य हुन नसकेको तथा कार्ययोजनामा सवारी चालक सुरक्षा गार्ड अवलोकन भ्रमण भेटघाट कार्यक्रम संचित विदाको रकम वितरण गर्ने लगायतका काम गरेकोले कार्य योजना अनुसार कार्य नगरेको रु.गर्ने कार्ययोजना अनुसार कार्य हुन नसकेको तथा कार्ययोजनामा नीजि शिक्षक समेत राखेको पाइयो यसरी गरेको खर्चल बिल भरपाइ पेश हुनु पर्दछ पालिका शिक्षा शाखाले अनुगमन गरि अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ साथै विद्यालयको खातामा आम्दानी भएको साथै विद्यालयको लेखापरीक्षण प्रतिवेदन समेत पेश हुनु पर्ने रु

प्रमाण पेश नगरेको	३०,००,०००

५७ **अन्यनिकाय खर्च**

पालिकाले प्राप्त गरेको आन्तरिक आय तथा केन्द्रीय निकायबाट प्राप्त निकासा पालिकाको क्षेत्राधिकार भित्र रहेको सार्वजनिक निर्माण तथा कल्याणकारी कार्यको लागि खर्च गर्नु पर्दछ । त्रिभुवन विश्ववद्यालयको आङ्गगिक क्यापस चापाकोट क्याम्पस व्यवस्थापन खर्च बापत भौ न. ३८।२०८०।६।१५ मा ६,५०,००० निकासा गरेको छ । उक्त क्याम्पस पालिका अन्तर्गत निकाय नभएकाले मातहत नभएको निकासा गरेको नियम सम्वत देखिएन ।

५८ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले योजना सम्बन्धी सफ्टवेयर खरिद गरी रु. ४९७२०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

५९ **परामर्स तथा डीपीआर खर्च**

परामर्श तथा डि पि आर खर्चः सार्वजनिक खरिद ऐन,२०६३ को दफा २९ अनुसार सार्वजनिक निकायले सो निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै फर्म,व्यक्ति संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले

यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार परामर्शदाता मर्दि इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. डि पि आर कार्य भौ नं ५४०। २०८१। ३।२४ हरिनास पर्यटन पुर्वाधारमा रु. ८३२५०० खर्च गरेको पाइयो । प्रतिवेदन लिइ कार्यान्वयन गरेको पाइएन राजपत्रमा प्रकाशित गरि भुउपयोग वर्गिकरण गरेको सुचना प्रकाशित नभएकोले सम्झौता अनुसार कार्यान्वय गरिनु पर्दछ परित खर्चलेखेको रु

प्रमाण पेश नगरेको	८,३२,५००

६० **नन्फाइलर**

मुल्य अभिवृद्धिकर ऐन,२०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो मना समाप्त भएको २५ दिनभित्र पेश गर्नु पर्ने र भुक्तानी दिनले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ । मुल्य अभिबृद्धि कर समेत भुक्तानी लिएका निर्माण व्यवसायी आपुर्तिकर्ता तथा वा प्रदायकहरुले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमामण नदेखिएको मुल्य अभिबृद्धिकर समायोजन हुनु पर्ने कर रु

गौ भौ नं र मिति बिजक नं	आपुर्तकको नाम वा सेवा प्रदायक	भुक्तानी रकम	मु.अ.कर	देखिएको व्यहोरा
२६।२०८१।२।२	जि.एस. आर वि.जी. जे.भी (६१७५४५२६८)	४४४२७०६	५११९०७	Nonfilear 2078 M.9

प्रमाण पेश नगरेको	५,११,१०७

६१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३२ दरबन्दी स्थायी र ७ करार गरी ३९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

६२ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १५७४९७०.भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु

पद	नियुक्ति संख्या	तलव भत्ता रु.
विभिन्न	५	१५७४९७०

प्रमाण पेश नगरेको	१५,७४,९७०

६३ **फरक शीर्षकबाट खर्च**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च लेख्दा सम्बन्धित खर्च शीर्षक बमोजिम लेख्नुपर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्यकर्मीहरुको तलब र महंगी भत्ता बाट सि अ हे ब श्री बिन्दु कोईराला लाई दैनिक भ्रमण भत्ता भुक्तानी गरी शिर्षक फरक पारी भुक्तानी भएको अनियमित रु

अनियमित भएको	४०,२००

६४ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले विभिन्न बजेट उप शिर्षकबाट देहायका फर्मसँग रु २४,७७,३८७ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

विवरण	आपुर्तिकर्ता	खर्च	कैफियत
आधारभुत तथा आकस्मिक सेवाका लागि औषधि खरिद	शिवशक्ति मेडिकल सप्लायर्स वालिङ्ग	१६०३०८८	संघिय शशर्त ई जि पि
बृहत निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम	सनफार्मेसि पोखरा	८७४२९९	आन्तरीकबाट कोटेशन
जम्मा		२४७७३८७	

६५ **मौरी प्रवर्द्धन कार्यक्रम** (१७७-२०८०-१२-१३):

मौरी च्याउ रेशम कार्यक्रम कार्यान्वियन कार्यविधि २०७७ को दोस्रो संशोधन को नियम ४(३.२) बमोजिम मौरी गोला उत्पादन स्रोत केन्द्र स्थापना गर्न आवश्यक पर्ने औजार का लागि बढिमा रु १० लाख सम्म अनुदान दिने व्यवस्था छ । कश्यप मौरीपालन तथा रिसर्च सेन्टरलाई बिल मुल्य रु २०,५०,००० को ५० प्रतिशत रु १०,२५,००० अनुदान ६४ कृषकहरुलाई मौरी सम्बन्धि सामाग्री वितरण गरेको छ । कार्यविधि अनुसार रु १० लाख सम्म मात्र अनुदान दिन पाउने व्यवस्था भएकोमा रु २५,००० बढी अनुदान भुक्तानी भएकोले कश्यप मौरीपालन तथा रिसर्च सेन्टर बाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२५,०००

६६ **सामुदायिक सिकाई केन्द्र** (२०७-२०८१-१-३):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तरगत सामुदायिक सिकाई केन्द्रको संचालन अनुदान का लागि मापदण्ड पुरा गरेका प्रति सामुदायिक सिकाई केन्द्र लाई रु २,५०,००० का दरले अनुदान दिने व्यवस्था छ। स्थानीय तहले सामुदायिक सिकाई केन्द्रको सन्चालनको प्रभावकारीताको अवस्थाको अनुगमन गरी सामुदायिक सिकाई केन्द्रहरुको स्थानान्तरण वा व्यवस्थापन सुधार गरी सन्चानलमा ल्याउन सक्नेछन् । तर पालीकाले ४ सामुदायिक सिकाई केन्द्रलई पालिकाले रु २,५०,००० हजारका दरले रु १०,००,००० अनुदान भुक्तानी दिएको मा उक्त सामुदायिक सिकाई केन्द्रहरुले पुरा गर्नुपर्ने मापदण्डहरु बार्षिक साधारण सभा भएको प्रमाण पत्र , र शैक्षिक सुचना व्यवस्थापन प्रणाली भरेको प्रमाणपेश हुनुपर्नेमा उक्त प्रमाण संलग्न बेगर भुक्तानी भएको प्रमाणपेश गर्नुपर्ने रु

(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	१०,००,०००

६७ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरमा यस वर्ष ९० थान को रु. ७१,५५० खरिद गरेकोमा गत वर्ष ४७ जना र यस वर्ष ३३ जना गरी ८० मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका १० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६८ **सेनीटरी प्याड**

६८.१ सेनीटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनीटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु .१०५० जना रहेका छन। पालिकाले एस पि सर्जि ल्याब बाट १०९०० थान सेनीटरी प्याड रु. ८,१७,५०० मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

६८.२ (४४२-२०८१-३-२४):

पालिकाले रक्षा सर्जिकल सप्लायर्स बाट मिती २०८१।३।२२ मा सेनीटरी प्याड डिस्पोजल मेसिन ५ वटा रु ५३,५११ (मु अ कर समेत) का दरले जम्मा रु २,६७,५०० को सामाग्रीहरु बिद्यालयमा हस्तान्तरण गर्नु पर्नेमा हस्तान्तरण भएको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२,७६,५००

६९ **आर्युवेद औषधि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम विल भरपाई बेगर सरकारी रकम खर्च गर्न नहुने साथै गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाको आर्युवेद शाखाले सोलुसन हर्बल कम्पनी लिमिटेड बाट पालिकामा रहेका ३ वटा आर्युवेद औषद्यालयहरुका लागी जम्मा रु ६,५०,००० को आर्युवेद औषधिहरु खरिद गरेकोमा आर्युवेद औषद्यालयहरु लाई हस्तान्तरण गरेको प्रमाण पेश नभएकाले प्रमाणपेश गर्नुपर्ने

(विस्तृत विवरण बेरूजु दफा ६९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	६,४९,९९५

७० **प्रारम्भिक बाल विकास** (३२४-२०८१-३-१६):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं १.१.४.१ मा प्रारम्भिक बालविकास शिक्षकको पारिश्रमिक तथा विधालय कर्मचारी व्यवस्गापन अनुदान शिर्षकमा मा यस पालिकामा रहेका ४८ वटा सामुदायिक विद्यालयहरुलाई जम्मा रु २७,१५,४०० अनुदान दिएको पाईयो। तर अनुदान दिदाँ के का लागि दिएको र विधालयहरुमा रहेका विद्यार्थि संख्या, शिक्षकको संख्या, पारिश्रमिक बुझेको भरपाई विद्यालयले भरपेको शैक्षिक तथ्याङ्ग तथा हाजिरी प्रतिवेदन सहितको आवश्यक कागजात पेश नभएकोले सो सम्बन्धमा एकिन हुन नसकिएकोले उल्लेखित विवरण अनुसार र कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ बमोजिम कार्यक्रम कार्यान्वयन गरेको पाईएन।

७१ **बिधुतिय सामाग्री खरिद** (४३७-२०८१-३-२४):

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ९ बमोजिम संघिय सरकारले स्थानीय तहलाई सशर्त अनुदान दिने व्यवस्था छ। ऐन अनुसार सशर्त अनुदानको रकम प्रयोग गर्दा तोकिएको सर्त पालना गर्नुपर्दछ। पालिकाले स्थानीय तहका स्वास्थ्य शाखा र स्वास्थ्य चौकी का कर्मचारीहरुको तलब तथा भत्ताका लागि तोकिएको रकम बाट १ वटा नगर अस्पताल, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र र ३ वटा आर्युवेदिक औषद्यालयहरु का लागि लेखा कम्प्युटर एण्ड गुड्स सप्लायर्स बाट देहायबमोजिमका बिधुतिय सामाग्री खरिद गरेको छ। तर सम्बन्धित संस्थाहरुलाई हस्तान्तरण गरेको भरपाई पनि नरहेको र तोकिएको शर्त पालना नगरि खरिद भएको अनियमित रु

सामाग्रीको नाम	संख्या	दर (मु अ कर सहित)	जम्मा रकम (मु अ कर सहित)
ब्राण्डेड डेक्सटप कम्प्युटर	५	९०४००	४५२०००
ल्यापटप	६	८४७५०	५०८५००
प्रिन्टर	१	३६१६०	३६१६०
जम्मा			९९६६६०

अनियमित भएको	९,९६,६६०

७२ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

कार्यक्रम कार्यन्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ बमोजिम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत देहायबमोजिम का विधालयहरुलाई अनुदान प्रदान गरेको छ। यसरी अनुदान प्रदान गर्दा गत आर्थिक वर्ष मा प्राप्त गरे नगरेको एकिन गर्न नसकिएको तथा विधालयको साथै प्राविधिक पुष्टाई सहितको अनुगमन प्रतिवेदन पेश नभएको हुनाले सम्बन्धित विधालयहरुमा गत आर्थिक वर्षमा नगएको भनि निर्णय गरेको प्रमाण पेश गर्नुपर्ने रु

(विस्तृत विवरण बेरूजु दफा ७२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	३२,५०,०००

७३ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. ३०,८४,०००. अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

७४ **भैसी खरिद** (४५२-२०८१-३-२४):

संघीय सरकारबाट हस्तान्तरित ससर्त कार्यक्रम अनुसार चापाकोट नगरपालिका पशुसेवा शाखालाइ आर्थक वर्ष २०८०।८१ का लागि प्रधामन्त्री कृषि आधुनिकरण परियोजना भैसी व्यवसायीक उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तर्गत बिनियोजन भएको रु १०,००,००० श्री खानीखोला बहुउदेश्यीय कृषक समुहले ५० प्रतिशत अनुदान कृषको हुनु पर्नेमा कार्यक्रम संचालन निर्देशिका अनुसार भएको पाइएन सो गरेको पाइएन भौ. नं ४५२।२०८१।३।२४ अनुदान निर्देशिकाले तोकिएको आधारमा सम्बन्धित कृषकले भैसी पाएको भरपाइ भैसीको विमा तथा भैसी खरिद गरेको फर्मबाट खरिद गर्दा ति पशुको विमा समेत गरेको पाइएन उक्त कार्यक्रमको अनुगमन गरेको पाइएन अनुगमन गरी प्रतिवेदन समेत पेश गर्नु पर्दछ । कृषकले व्यहोर्ने ५० प्रतिशत रकम सम्बन्धित पशुपालक सगँ असुल गरी बेरुजु दाखिला गर्नु पर्ने रु

असुल गर्नुपर्ने	५,००,०००

७५ **पोषणमैत्री नगरपालिका घोषणा**

७५.१ पोषणमैत्री स्थानिय तह कार्यान्वयन निर्देशिका २०७८ को परिच्छेद ६ मा गाउँपालिका तथा नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन र समितिको काम कर्तव्य र अधिकार निर्दिष्ट गरेको छ। यस पालिकामा पोषण सम्बन्धि कार्यक्रम शिर्षकमा रु ५०,००,००० विनियोजन भएको मा जम्मा रु ५०,००,००० खर्च गरेको देखिन्छ। समितिको आफ्नो काम कर्तव्य र अधिकारको प्रयोग गरी देहायबमोजिमका कार्यक्रमहरु संचालन गर्न उल्लेखित रकम खर्च गरेको देखिन्छ।

क्र सं	कार्यक्रम	भुक्तानी पाउने	खर्च रकम
१	तलब भ्रमण तथा अनुगमन खर्च	विभिन्न	४४३३२८
२	फिल्टर खरिद	मुक्तिनाथ ट्रेडर्स	९६५२५०
३	औषधि खरिद	शिवशक्ति मेडिकल स्टोर्स	१५००००
४	एम्बुलेन्स संचालन कोष	एम्बुलेन्स संचालन कोष चापकोट अस्पताल	५००००
५	पोषण कर्नर	विभिन्न पार्टिलाई भुक्तानी	३३६५६१
६	ढुवानी	विभिन्न	३००००
७	पोषिलो झोला वितरण	मरासिनी पोल्ट्री फर्म र गाडी भाडा वापत उत्तम आचार्य	४४४६७८
८	व्येट मेसिन तथा डेलिवरी वेड खरिद	सन्देश साइन्स हाउस	५७८५६०
९	स्वास्थ्य सम्बन्धि सुचना तथा होडिङ्गवोड	परिचय एडभाइजिङ्ग	६२२५०३
१०	फर्निचर	रिजेन्ट फर्निचर ट्रेड	९८८७०
११	विद्यालय वाश कर्नर	न्यु चापाकोट हार्टवेयर सप्लायर्स	३०००००
१२	अन्य पोषण सम्बन्धि विभिन्न कार्यक्रम	विभिन्न	१०७९६६४
जम्मा			५०९९४१४

पालिकास्तरीय पोषण कार्यक्रम को खर्च विवरण विश्लेषण गर्दा आर्थिक वर्षको अन्त्यमा मात्र खर्च भएको देखिन्छ। यस्तो खर्चले यस गाउँपालिकामा पोषण घोषणा र प्रभावकारी रुपमा खर्च भएको हुदैन र बजेट फिर्ता जान नदिन यसरी आर्थिक वर्षको अन्त्यमा आएर खर्च नगरी आर्थिक वर्षको शुरुवात देखि नै पोषण सम्बन्धित कार्यक्रम संचालन गर्नुपर्दछ। यस कार्यक्रम अन्तर्गत लेखापरीक्षण गर्दाको क्रममा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

७५.२ आर्थिक कार्यविधि तथावित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिमविल भरपाई बेगर सरकारीरकम खर्च गर्न नहुने साथै गर्दा त्यस्तो खर्च पुष्टिगर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार पोषण संग सम्बन्धित सामाग्री खरिद गरी विभिनेन स्वास्थ्य सस्थाहरुमा हस्तान्तरण गरी सम्बन्धित स्वास्थ्य संस्थाहरुमा आम्दानी बाधेको प्रमाणपेश गर्नुपर्ने रु

गोभौ।मिती	विवरण	भुक्तानी पाउने	भुक्तानी रकम मु अ कर सहित	कैफियत
१११। २०८०।९। २१	३९ वटा युरोगार्ड को रु २४७५०(जडान सहित) का दरले खरिद	मुक्तिनाथ ट्रेडर्स	९६५२५०	स्वास्थ्य शाखा र विधालयहरुमा वितरण भएको तर संस्थाहरुले दाखिलानगरेको
३४५। २०८१।३। २०	१ वटा व्येट मेसिन तथा २ वटा डेलिवरी वेड खरिद	सन्देश साईन्स हाउस	५७८५६०	यस्तो मेसिन कार्यालयले आफ्नै कार्यालयमा राखेको
			१५४३८१०	

प्रमाण पेश नगरेको	१५,४३,८१०

७५.३ (४३६-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम विल भरपाई बेगर सरकारी रकम खर्च गर्न नहुने साथै गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले पोषणमैत्री नगरपालिका घोषणा कार्यक्रम अन्तर्गत विभिन्न बिद्यालयहरुलाई वाश कर्नर सामाग्री खरिदका लागी टेंकि पाईप जस्ता सामाग्री खरिद गरी न्यु चापाकोट हार्डवेयर लाई रु ३,००,००० भुक्तानी दिएको छ। बिधालयहरुका लागि खरिद गरिएकोमा सो सामाग्री विद्यालय हरुलाई उपलब्ध गराएको प्रमाणपषेश गर्नुपर्ने ।

७६ **ईन्टरनेट जडान** (१३०-२०८०-१०-२५):

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विधालय संचालन तथा व्यवस्थापन का लागि विधालय संचालनको अवस्था हेरी पालिकाले अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले ४५ वटा सामुदायिक विधालयलाई ईन्टरनेट जडान बापत रु १२ हजार का दरले अनुदान दिएको छ। पालिका ले देहायका विधालयहरुले ईन्टरनेट जडानको प्रमाण पेश नगरेको र जडान भयो भएन भन्ने बारेमा अनुगमनको प्रमाण पेश नगरेकोले सम्बन्धित विधालयहरुले ईन्टरनेट जडानको प्रमाण पेश गर्नुपर्ने रु

(विस्तृत विवरण बेरूजु दफा ७६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	५,४०,०००

७७ **स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाई**

७७.१ सार्वजनिक खरिद ऐन, २०६३ को नियम ३ मा कुनै पनि खरिद कार्य गर्दा आवश्यकता पहिचान देखि खरिद विधिको छनौट सम्मका विषयहरु उल्लेख गरेको छ तर पालिकाले स्थानीय पाठ्यपुस्तक हाम्रो चापाकोट छपाई गर्दा उक्त नियमको परिपालना गरेको देखिदैन। साथै पाठ्यपुस्तक निर्माण तथा छपाई गर्नुभन्दा अघि पाठ्यक्रम तयार गरी निर्माण तथा छपाई गर्नुपर्नेमा सो नगरी एकमुष्ट छपाई गरेको देखियो साथै पाठ्यक्रम विना तयार गरिएका पाठ्यपुस्तकहरु विद्यार्थीहरुको पठनपाठनमा उपयुक्त छन वा छैनन, उक्त पाठ्यपुस्तकहरु कुन कुन विद्यालयहरुमा के कति संख्यामा वितरण भए,पाठ्यपुस्तकहरु के कति विद्यार्थीहरुलाई वितरण गरियो भन्ने विषयमा यकिन हुन सकिएन तसर्थ बन्धु अपसेट प्रेस लाई कक्षा १ र २ को २२५ को दरले १२४० थानको मू. अ. कर सहित ३,१५,२७० र कमल प्रिन्टिङ प्रेसको कक्षा ३, ४ र ५ को २२५ को दरले १२६० थानको मू. अ. कर सहित ३,२०,३५५ को फोटोकपी विल पेश गरी भुक्तानी गरेकोमा सक्कल विजक र पुस्तक वितरणको भरपाईको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	६,३५,६२५

७७.२ (३४९-२०८१-१-२८):

उक्त पाठ्यपुस्तकहरु निर्माण तथा छपाई र व्यवस्थापनका लागि स्थानीय पाठ्यपुस्तक लेखेवापत विभिन्न ९ जना लेखक तथा सम्पादकहरुलाई प्रतिपाठ ४५०० को दरले १०८ पाठको रु ४८६,००० र सम्पादन वापत ५४,५०० गरी जम्मा ५,४०,५०० को १५ प्रतिशत कर कट्टा गरी भुक्तानी भएकोमा उक्त स्थानीय पाठ्यपुस्तकको पाठ्यक्रम सम्बन्धित निकायको स्विकृति वेगरको खर्च लेखेकोले नियमित नदेखिएको रु

अनियमित भएको	४,५९,४२५

७८ **सवारी भाडा**

७८.१ गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७९ को नियम (३६) ५ बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।त्यसैगरी सार्वजनिक खर्चमा मितव्यिता कायम गर्ने सम्बन्धि मापदण्ड २०७७ मा सार्वजनिक स्रोत परिचाललनमा थप दबाब सिर्जना हुने गरी आर्थिक दायित्व सिर्जना भएको खर्चमा मितव्यिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था उल्लेख छ।पालिकाले विभिन्न कामको सिलसिलामा भनी विभिन्न मितिमा प्रयोग गरेका सवारी साधन भाडामा लिँदा कोटेशन माग गरी जिल्ला दररेटको समेत आधार लिई प्राप्त दररेट मध्ये सबैभन्दा कम मूल्यको गाडीको लागि सम्झौता गरी सोही बमोजिमको रकम भुक्तानी गर्नुपर्नेमा आ. व २०८०।८१ को जिल्ला दररेट अनुसार स्करपियो फोर वह्लिल डबल

क्याव पिकअप भाडा ईन्धन र चालक समेत प्रतिदिन रु ७०३५ मात्र रहेको देखिन्छ।जिल्ला दररेट भन्दा बढी मूल्यमा गाडी भाडामा लिई बढी भुक्तानी गरेको रकम नियमसंगत नदेखिएको रु

गो. भौ. न. मिति	विवरण	भुक्तानी भएको रकम	बढी भुक्तानी
३२६।२०८०।०९।१८	चापाकोट देखि पोखरा सम्म	१००००	२९६५
३२६।२०८०।११।२०	चापाकोट देखि चितवन	१८५००	११८६५
११४।२०८०।०८।२९	विभिन्न स्थान	९०००	१९६५
जम्मा			१६७९५

अनियमित भएको	१६,७९५

७८.२ पालिकाले उपलब्ध गराएको विवरण अनुसार ३८७३ नम्बरको गाडी भाडामा लिई मासिक ११०००० को दरले बर्षभरी नै चलाई उक्त गाडी भाडा वापत जम्मा १३२०००० भुक्तानी गरेको देखिन्छ।कार्यालयमा सवारी साधन हुँदाहुँदै र विभिन्न समयमा गाडी भाडामा लिई चलाएको भए पनि बर्षभरी नै पुनः गाडी भाडा वापतको रकम भुक्तानी लिएको नियमसंगत नदेखिएको रु

अनियमित भएको	१३,२०,०००

७९ विल भर्पाई वेगरको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा विल भरपाई पुष्ट्याई हुने प्रमाण तथा कागजात संलग्न हुनुपर्दछ।पालिकाले निम्न खर्च लेख्दा विल भरपाई वेगर खर्च लेखेको नियमसंगत नदेखिएको रु

गो भौ न मिति	विवरण	भुक्तानी रकम
१६८।२०८० ०९।२६	रत्नखर आचार्य सवारी भाडा	६४०००
१६८।२०८०। ०६।२६	विविध	६६५००
जम्मा		१३०५००

अनियमित भएको	१,३०,५००

८० खाना तथा विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष नगरपालिका चालु शीर्षकबाट वडा कार्यालय बाहेक पालिका कार्यालयतर्फ मात्र खाना तथा विविधतर्फ रु.३१३४५०४ खर्च लेखेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	कामको लागि दिएको पेश्की अनुसारको काम नभई पेश्की लिएको रकम नगदै फिर्ता दाखिला गरेकोले लगत कट्टा गरि माननीय महालेखा परीक्षकज्यूको निर्देशन बमोजिम यसरी पेश्की लिने पद्धतिमा नियन्त्रण गर्नुको साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५१ अनुसार पेश्की लिएको मिति देखि रकम दाखिला भएको मिति सम्म लाग्ने व्याज रकम पालिकाले नैं एकिन गरी संचित कोष दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।	०
२	कामको लागि दिएको पेश्की अनुसारको काम नभई नगदै फिर्ता दाखिला गरेको आधारमा लगत कट्टा गरिएको छ । महालेखा परीक्षकको निर्देशन बमोजिम यसरी पेश्की लिने पद्धतिमा नियन्त्रण गर्नुको साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५१ अनुसार पेश्की लिएको मिति देखि रकम दाखिला भएको मिति सम्म लाग्ने व्याज रकम पालिकाले नैं एकिन गरी संचित कोष दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : चापकोट नगरपालिका, स्याङ्जा , चापाकोट नगरपालिका , स्याङ्जा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	नेत्र प्रसाद घिमिरे	२०८२-१-५	हाल सम्म कार्यरत
लेखा प्रमुख	बिष्णु प्रसाद रेग्मी	२०७९-१-८	२०८१-३-३१
लेखा प्रमुख	कमला न्यौपाने	२०८१-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४,७१८,७४८	१२,९६१,९१३	१४,६२६,१५९	०	०	१,९८५,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३४,२९१,८२०
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	३,१५०,०००
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३१,१४१,८२०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४५९२६४७१.४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४५६३९०४८३.०३	चालु खर्च	५५५७१३०१७.२६
प्रदेश सरकारबाट अनुदान	१८०४८९००	पूँजीगत खर्च	१९३६२४७८२.६
राजश्व बाँडफाँट	६८६७६७३०.५७	वित्तीय/अन्य व्यवस्था	१४८७९९२९.९५
आन्तरिक आय	२०७०२५११.७८		
अन्य आय	१९६२६१०११		
कुल आय	७६००७९६३६.३८	कुल खर्च	७६४२१७७२९.८१
बाँकी मौज्दात		४१७८८३७७.९७	

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१०,३३,९९,०२१.२२	०	१०,३३,९९,०२१.२२	९,५७,१४,१४०.०३	०	९,५७,१४,१४०.०३
१३०००	अनुदान		४७,४७,०३,३८३.०३	०	४७,४७,०३,३८३.०३	४६,०७,८०,७४८.४६	०	४६,०७,८०,७४८.४६
१४०००	अन्य राजस्व		९०,६२,२५२.४७	०	९०,६२,२५२.४७	१,२५,४३,८८९.३४	०	१,२५,४३,८८९.३४
१५०००	विविध प्राप्ति		१२,६००.००	०	१२,६००.००	०	०	०
क	कुल जम्मा प्राप्ति		५८,७१,७७,२५६.७२		५८,७१,७७,२५६.७२	५६,९०,३८,७७७.८३		५६,९०,३८,७७७.८३
३	चालु		४०,००,०६,३८१.१५	०	४०,००,०६,३८१.१५	३९,५५,१४,११०.८७	०	३९,५५,१४,११०.८७
२१०००	पारिश्रमिक / सुविधा		२९,४५,५६,१९३.०५	०	२९,४५,५६,१९३.०५	२७,७३,५०,३६३.५१	०	२७,७३,५०,३६३.५१
२२०००	मालसामान तथा सेवाको उपयोग		९,०४,९५,३७९.१०	०	९,०४,९५,३७९.१०	८,९७,८१,६०८.३६	०	८,९७,८१,६०८.३६
२५०००	सहायता (Subsidy)		१,००,७१,१७६.००	०	१,००,७१,१७६.००	१,६८,६६,०८२.००	०	१,६८,६६,०८२.००
२६०००	अनुदान		०	०	०	७,३७,२३०.००	०	७,३७,२३०.००
२७०००	सामाजिक सुरक्षा		२१,९६,५००.००	०	२१,९६,५००.००	७८,४३,५४७.००	०	७८,४३,५४७.००
२८०००	अन्य खर्च		२६,८७,१३३.००	०	२६,८७,१३३.००	२९,३५,२८०.००	०	२९,३५,२८०.००
४	पूंजीगत		२०,०५,९५,५६९.३०	०	२०,०५,९५,५६९.३०	१८,००,१९,६८४.८६	०	१८,००,१९,६८४.८६
३१११०	भवन तथा संरचना		३१,३३,३८८.००	०	३१,३३,३८८.००	१,४९,२२,०८८.००	०	१,४९,२२,०८८.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		९९,५२,२३६.००	०	९९,५२,२३६.००	४२,००,४३२.००	०	४२,००,४३२.००
३११३०	अन्य पूँजीगत खर्च		८,४७,००१.००	०	८,४७,००१.००	६३,६६,२८७.००	०	६३,६६,२८७.००
३११४०	सुरक्षा उपकरण		०	०	०	४,७९,९२६.००	०	४,७९,९२६.००
३११५०	सार्वजनिक निर्माण		१८,५३,६७,०१८.३०	०	१८,५३,६७,०१८.३०	१५,०२,८१,२३२.८६	०	१५,०२,८१,२३२.८६

३११६०	निर्मितसरचनाको सुधार खर्च		११,८५,९२६.००	०	११,८५,९२६.००	२८,५४,२४६.००	०	२८,५४,२४६.००
३११७०	पूँजीगत सुधार खर्च		६५,०००.००	०	६५,०००.००	९,१५,४७३.००	०	९,१५,४७३.००
३१२२०	मौज्दात सामानहरु		४५,०००.००	०	४५,०००.००	०	०	०
५	वित्तीय		०	०	०	०	०	०
ख)	कुल जम्मा भुक्तानी		६०,०६,०१,९५०.४५		६०,०६,०१,९५०.४५	५७,५५,३३,७९५.७३		५७,५५,३३,७९५.७३
ग)	बचत /कमी (ग = क-ख)		(१,३४,२४,६९३.७३)		(१,३४,२४,६९३.७३)	(६४,९५,०१७.९०)		(६४,९५,०१७.९०)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		१,१४,७०,१८८.००		१,१४,७०,१८८.००	३७,१०,३८४.४०		३७,१०,३८४.४०
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी		(४,८९,५३३.६०)		(४,८९,५३३.६०)	१,९८,०६०.००		१,९८,०६०.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(१९,५४,५०५.७३)		(१९,५४,५०५.७३)	(२७,८४,६३३.५०)		(२७,८४,६३३.५०)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		४,५९,२९,१५२.४७		४,५९,२९,१५२.४७	४,८७,१३,७८५.९७		४,८७,१३,७८५.९७
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		४,३९,७४,६४६.७४		४,३९,७४,६४६.७४	४,५९,२९,१५२.४७		४,५९,२९,१५२.४७

बेरूजु दफा ३० सँग सम्बन्धित विवरण - अनुसूची -४

गो भौ न मिति	विवरण	भुक्तानी रकम
९७।२०८०।०८।२७	नवदृष्टि युवा क्वलवलाई खेलकुदको लागि सहयोग	२००००
१२७।२०८०।०८।२९	जिवन फेन्सी स्टोर्सलाई जर्सी खरिद वापतको रकम भुक्तानी	९३५७५
२८८।२०८०।१२।१२	चापाकोट अपाङ्ग महासंघलाई सांकेतिक भाषा कार्यक्रम सन्चालन	५०००००
२८९।२०८०।१२।१२	तिर्थ भेटी मगर नेपाल श्रीमती संघको कार्यक्रममा विभिन्न सामान खरिद र खाजा वितरण	८३४४९
२९१।२०८०।१२।१४	पोखरा माउन्टेन सिटीलाई सहयोग	२००००
२९४।२०८०।१२।१४	सेवा डिजिटललाई ईलाका प्रहरी कार्यालयको वोर्ड पम्पलेट छपाई वापतको रकम भुक्तानी	१७३८५०
३३०।८१।०१।१२	चापाकोट भलिबल संघलाई खेलकुदको लागि	७८२३०
जम्मा रु		९६९१०४

बेरूजु दफा ३२ सँग सम्बन्धित विवरण - अनुसूची -५

प्रकार	खर्च उपशिर्षक	गो भौ।मिती	पेश्कीको विवरण	पेश्की लिने व्यक्ति वा संस्था	ग त आ व र चालू आ व को म्याद नाघेको(रकम)
कर्मचारी	२२२१३	८७।२०८०।८।१७	सवारी साधन मर्मत खर्च	प्रबिण पौड्याल	१०००००
संस्थागत	३११३२	४।२०८०।५।१	अनुसन्धान तथा बिकास खर्च	चापाकोट क्रिकेट कप समिती	९००००
	३११५१	४।२०८०।५।१	सडक तथा पुल निर्माण	छितेखोला कल्बर्ट निर्माण समिती	६०००००
	३११३५	४।२०८०।५।१	पुर्जिंगत परामर्श खर्च	जि एम मुभिज प्रोडक्सन प्रा लि	१२००००
	३११५९	४।२०८०।५।१	अन्य सार्वजनिक निर्माण	समसुदिन मिया	७००००
व्यक्तिगत	२२११३	१।२०८०।६।११	सार्वजनिक उपयोगिताको सेवा खर्च	विनोद नेपाली	२०००००
	२२२१३	१।२०८०।६।११	सवारी साधन मर्मत खर्च	भानु भक्त नेपाली	२०००००
	२२५२२	१।२०८०।६।११	कार्यक्रम खर्च	याम प्रसाद लुइटेल	२००००
	२२२३१	१।२०८०।६।११	निर्मित सार्वजनिक सम्पत्ति मर्मत संभार	बिनोद कुमार वाग्ले	८५०००
	२२११३	१।२०८०।६।११	सार्वजनिक उपयोगिताको सेवा खर्च	सोवित थापा	२०००००
	२२५२२	२१५।२०८०।१०।२९	कृषि शाखा अन्तर्गतका कार्यक्रम	जानुका कुमारी घर्ति	१०००००
	२२१११	२७५।२०८०।१२।४	पानी तथा बिजुली	शर्मिला परियार	२०००००
जम्मा					१९८५०००

बेरूजु दफा ३३ सँग सम्बन्धित विवरण - अनुसूची -६

बेरूजु दफा ५३ सँग सम्बन्धित विवरण - अनुसूची -७

ठेक्का नं	विवरण	निर्माण व्यवसायीकोनाम	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
06|NCB/CM/WORKS/2080.81	मजुवा केलडाडा पुल सडक	वि.एन निर्माण सेवा	११९९६०५२	८३६८१५३	३०
07|NCB/CM/WORKS/2080.81	बैदी मावि निर्माण सडक	जि एम कन्ष्ट्रकसन	९९९७०५९	८४७२७८०	१५
09|NCB/CM/WORKS/2080.81	ठाटी भन्ज्याङ्ग रानी पोखरी ठुलो पोखरा सडक	विपि सार्स आर्सि जेभी	२९९९५६१०	२४०८१३३८	१९
10|NCB/CM/WORKS/2080.81	कर्मचारी आवास गृह	विवि निर्माण सेवा	४९९८२३९	३९३३६२८	२१
11|NCB/CM/WORKS/2080.81	ल्याण्ड फिल्डसाइड व्यवस्थापन	उत्तरगया आसी जेभी	२४९९९९९९	२३३७०३२४	६
02|NCB/CM/WORKS/2080.81	ज्याग्दी देखि दर्शिङ्ग मोटरबाटो	विजि / जिएस आर	२७०८८४१२	१४५९४८९७	४६
04|NCB/CM/WORKS/2080.81	ज्याग्दी दर्शङ्गी मोटर बाटो	वि एम ए माच्छापुच्छ्रे जेभी	२४९९३५२४	२०६००७८१	१७

बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची -८

सिकाई केन्द्रको नाम	अनुदान रकम
श्री चापाकोट सामुदायिक सिकाई केन्द्र	२५००००
श्री ग्याग्दी समुदायिक सिकाई केन्द्र	२५००००
श्री सिर्जनशिल सामुदायिक सिकाई केन्द्र	२५००००
श्री साँखर सामुदायिक सिकाई केन्द्र	२५००००
जम्मा	१००००००

बेरूजु दफा ६९ सँग सम्बन्धित विवरण - अनुसूची -९

औषद्यालयकोनाम	रकम
रत्नपुर आर्युवेद औषधालय	२१६६६५
कुवाकोट आर्युवेद औषधालय	२१६६६५
साखँर आर्युवेद औषधालय	२१६६६५
जम्मा	६४९९९५

बेरूजु दफा ७२ सँग सम्बन्धित विवरण - अनुसूची -१०

गो भौ।मिती	विधालयको नाम	विवरण	अनुदान रकम
१८७।२०८०।१२।२१	श्री सरस्वति विद्ग्या मन्दिर माध्यामिक विधालय	पुस्तकालय तथा ICT LAB	६५००००
	श्री साखँर मोहनी माध्यमिक विधालय	पुस्तकालय तथा ICT LAB	६५००००
२०९।२०८१।१।१३	श्री भानु माध्यामिक विधालय	ICT LAB व्यवस्थापन	६५००००
२५९।२०८१।२।३०	श्री बाल कल्याण माध्यामिक विधालय	ICT LAB व्यवस्थापन	६५००००
३०८।२०८१।३।१३	श्री जन कल्याण माध्यामिक विधालय	ICT LAB व्यवस्थापन	६५००००
जम्मा			३२५००००

बेरूजु दफा ७६ सँग सम्बन्धित विवरण - अनुसूची - ११

क्र स	विद्यालयको नाम	इन्टरनेट जडान वापतको रकम
१	श्री भानु माध्यामिक विधालय	१२०००
२	श्री जनजागृति माध्यामिक विधालय	१२०००
३	श्री महेन्द्र माध्यामिक विधालय	१२०००
४	श्री राम मन्दिर माध्यामिक विधालय	१२०००
५	श्री बालकल्याण माध्यामिक विधालय	१२०००
६	श्री सरस्वति माध्यामिक विधालय	१२०००
७	श्री साँखर मोहमी माध्यामिक विधालय	१२०००
८	श्री आदर्श माध्यामिक विधालय	१२०००
९	श्री राधादामोदर माध्यामिक विधालय	१२०००
१०	श्री जनकल्याण माध्यामिक विधालय	१२०००
११	श्री जनहित माध्यामिक विधालय	१२०००
१२	श्री बैडी माध्यामिक विधालय	१२०००
१३	श्री गंगालाल माध्यामिक विधालय	१२०००
१४	श्री जनज्योति माध्यामिक विधालय	१२०००
१५	श्री जाल्पा आधारभुत विद्यालय	१२०००
१६	श्री रोम्दी आधारभुत विद्यालय	१२०००
१७	श्री आमा आधारभुत विद्यालय	१२०००
१८	श्री बालहित आधारभुत विद्यालय	१२०००
१९	श्री कालिका आधारभुत विद्यालय	१२०००
२०	श्री दिसिङ्कोट आधारभुत विद्यालय	१२०००
२१	श्री महेन्द्र आधारभुत विद्यालय	१२०००
२२	श्री चण्डी आधारभुत विद्यालय	१२०००
२३	श्री विनदी आधारभुत विद्यालय	१२०००
२४	श्री जनस्वामी आधारभुत विद्यालय	१२०००
२५	श्री खड्ङकाली आधारभुत विद्यालय	१२०००

२६	श्री चक्रकला आधारभुत विद्यालय	१२०००
२७	श्री जलदेवि आधारभुत विद्यालय	१२०००
२८	श्री दिनदयालु आधारभुत विद्यालय	१२०००
२९	श्री राम आधारभुत विद्यालय	१२०००
३०	श्री जनसक्रिय आधारभुत विद्यालय	१२०००
३१	श्री चौरासी आधारभुत विद्यालय	१२०००
३२	श्री गण्डकी आधारभुत विद्यालय	१२०००
३३	श्री श्रीकला आधारभुत विद्यालय	१२०००
३४	श्री कालिका आधारभुत विद्यालय	१२०००
३५	श्री मनकामना आधारभुत विद्यालय	१२०००
३६	श्री शंकर आधारभुत विद्यालय	१२०००
३७	श्री शिवशक्ति आधारभुत विद्यालय	१२०००
३८	श्री सरस्वति आधारभुत विद्यालय	१२०००
३९	श्री अकलादेवि आधारभुत विद्यालय	१२०००
४०	श्री गण्डकी आधारभुत विद्यालय	१२०००
४१	श्री कृष्ण आधारभुत विद्यालय	१२०००
४२	श्री बालकल्याण आधारभुत विद्यालय	१२०००
४३	श्री जनसामुहिक आधारभुत विद्यालय	१२०००
४४	श्री सरस्वति प्रा वि	१२०००
४५	श्री मणिमुकुन्देश्वर गुरुकुल पाठशाला	१२०००
	जम्मा	५४००००

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ:

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण, स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति कानून बमोजिम गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनु पर्दछ। यस्तो अनुदानबाट व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा पुँजीगत निर्माण गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौतामा निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरेर सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदातामाथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ ।